# गुठीका सदस्य-सचिव श्री कुन्दमणि दीक्षितबाट धन्यवाद ज्ञापन

**आदरणीय अध्यक्षज्यू, डा. चैतन्य मिश्रज्यू, दिनेशराज पन्तज्यू, अमर न्यौपानेज्यू र उपस्थित विद्वद्वर्ग,**

यस वर्षको पुरस्कारको घोषणा भएपछि मैले मात्र होइन, गुठीसँग सम्बन्धित हामी सबैले मुरीका मुरी धन्यवाद खाइरहेका छौं । त्यो बधाई र धन्यवादको ओइरो हाम्रो कारणले होइन जस्तो लाग्छ । किनभने हाम्रो काम गराइ त उही हो, पोहोर परार नगरेको कुनै नयाँ कुरा गरेका थिएनौं । त्यसै हुँदा हामीले यतिका प्रशंसा र जश पाउनु तपाईहरू दुईकै कारणले हो कि भन्ने लागेको हो । त्यसैले म सर्वप्रथम धन्यवाद तपाईहरूलाई नै टक्र्याउँदछु । त्यसमा पनि अमर न्यौपानेजीलाई म विशेष धन्यवाद भन्छु किनभने उहाँले त हामीहरूलाई नवयुवा ऊर्जा थपिदिनुभएको छ ।

डा. मिश्र, हामीले तपाईंको ओजस्वी प्रवचन सुन्यौं । सामाजिक ज्ञानका भण्डार तपाईं । तपाईंको ज्ञानबाट जे जति यहाँ आज तपाईंले बाँड्नुभयो, त्यसबाट हामी जस्तै यहाँ उपस्थित सबैलाई लाभ भयो होला भन्ने मलाई लाग्छ । तपाईंलाई धेरै धन्यवाद छ ।

गुठीका मेरा अग्रज तथा मार्गदर्शक सदस्यज्यूहरूप्रति म अत्यन्त कृतज्ञ छु । किनभने नेपाली भाषा र साहित्यका फाँटमा साना मसिना गाँठाहरू बुझ्न र फुकाउन उहाँहरूले मलाई अत्यन्त धैर्यका साथ सिकाउनुभएको छ, सहयोग गर्नुभएको छ । यस अवसरमा म उहाँहरूलाई आदरपूर्वक धन्यवाद-ज्ञापन गर्दछु । गुठीका कार्यालय-सचिव, गजेन्द्रजीप्रति म विशेष रूपले कृतज्ञ छु, किनभने गुठीको

संस्थापन कालदेखि नै उहाँ संलग्न हुनुहुन्छ र गुठी तथा पुरस्कारका विषयका सबभन्दा ठूलो जानकार व्यक्ति (रिसोर्स-पर्सन) नै हुनुहुन्छ। मैले उहाँबाट धेरै कुरा सिकेको छु।

गुठीका दुई उपसमितिका मेरा आदरणीय अग्रज सदस्यज्यूहरूलाई धन्यवाद धेरै धन्यवाद। उहाँहरू जुन लगन र निष्ठाका साथ काम फत्ते गर्नुहुन्छ, त्यो देखेर मैले पनि उहाँहरूबाट धेरै सिकेको छु। यसै पनि आएका एक सयभन्दा बढी सङ्ख्याका पुस्तकहरूलाई जसरी धैर्यका साथ उहाँहरूले छिमल्दै जानुभयो र अन्त्यमा जसरी उचित निष्कर्षमा पुगी उपयुक्त चयन गराउनुभयो, त्यसले ऐले पाएको प्रशंसा र स्वाबासी देख्दा उहाँहरूलाई जति धन्यवाद गरे पनि पुग्दैन।

जगदम्बा प्रेस रानी जगदम्बाले नै स्थापना गरेको संस्था हो। अत: त्यसका पदाधिकारी र स्टाफ मदन पुरस्कारप्रति सहयोगी छन् र सबै प्रकारले सहायता गर्छन्। जगदम्बा प्रेसका ती सबै सहृदयीहरूलाई पनि धन्यवाद भन्नु मेरो कर्तव्य हुन्छ।

रातो बङ्गलालाई त धन्यवाद भनेर मात्रै पुग्दैन। यो हाम्रो कार्यक्रम गर्न यो भव्य थिएटर उपलब्ध गराउनुका साथै, तल जलपानको बन्दोबस्त इत्यादि सबै स्कूलले गरिदिएको हो। आजको यो कार्यक्रमका हाम्रा दुई जना "एमसी" भैदिनुभएका गुरु गुरुआमाहरू पनि यसै स्कूलका हुनुहुन्छ। हामी तपाईंहरूप्रति कृतज्ञ छौं।

आदरणीय पाहुनाहरूले पनि यहाँ उपस्थित भैदिएर हाम्रो सम्मान बढाउनुभएको छ। सबैलाई धन्यवाद।

अध्यक्षज्यूका आज्ञाले अब यो समारोह टुङ्गियो। जय होस्!